मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

# मिति २०७९ असोज १३ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको तेश्रो वैठकका निर्णयहरु

## निर्णय नं. १

कार्यपालिकाको अघिल्लो वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो । वैठकका अधिकाँस निर्णयहरु कार्यान्वयन भई सकेको र केही निर्णय प्राथमिकताका साथ कार्यान्वयनका प्रक्रियामा रहेको पाईयो ।

## निर्णय नं. २

नजिकै आईरहेको नेपालीहरुको महान चाँड वडा दशैंको उपलक्ष्यमा कार्यपालिकाका सबै सदस्यहरु बीच शुभकामना आदान प्रदान गरिनुका साथै सम्पूर्ण नगरवासी तथा सबै नेपालीहरुमा शुभकामना ब्यक्त गर्ने र दशैको समयमा हुन सक्ने अप्रीय घटना निराकरण गर्न र शान्ति सुरक्षा कायम गराउन सम्बद्ध सबै पक्ष क्रियाशिल रहने ।

## निर्णय नं. ३

स्थानीयस्तरमा विपद जोखिम न्यूनिकरणका लागि जारी नेपाल विपद व्यवस्थापन घोषणा पत्रमा उल्लेखित बुँदाहरुको कार्यान्वयन गर्न आवश्यक ऐन कानुन निर्माण, जारी ऐन कानुनमा परिमार्जन र नगरपालिकामा आपतकालीन संचार केन्द्र निर्माण जस्ता कार्य क्रमशः कार्यान्वयन गर्दै लैजाने ।

## निर्णय नं. ४

सार्वजनिक विद्यालयलाई सुधार गर्न शैक्षिक सरोकारवालाहरुसँगको छलफल र उक्त कार्यक्रमबाट गरिएका सार्वजनिक प्रतिवद्धता अनुरुपका कार्यहरु अगाडि बढाउन पहिलो चरणमा पुस्तक खरिदका लागि नगरपालिकाभित्र सञ्चालित सामुदायिक र संस्थागत माध्यामिक विद्यालयहरुलाई प्रति विद्यालय रु तीस हजार, माध्यामिक विद्यालय नभएको ३ नं. वडा कार्यालयलाई रु तीस हजार र नगरपालिकामा सञ्चालित पुस्तकालयलाई रु तीस हजार गरी जम्मा रु सात लाख विस हजार रकम शैक्षिक संस्थालाई सहायता शिर्षकबाट उपलब्ध गराउने।

लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

निर्णय नं. ५

मन्थली नगरपालिकाले तयार पारेको देहाय बमोजिमको लैंगिक, यौनजन्य दुर्व्यवहार र जातीय विभेद निवारण आचार संहिता पारित गरी प्राथमिकताका साथ कार्यान्वयन गराउने ।

१. लैंगिक तथा जातीय विभेदपूर्ण शब्द तथा व्यवहार गर्ने छैनौ साथै अस्वाभाविक व्यवहार तथा शब्द प्रयोग गर्ने छैनौ ।
२. जेष्ठ नागरिक, यौनिक तथा अल्पसंख्यक महिला वालवालिका तथा अपाँगता भएका व्यक्तिप्रति सम्मानजनक तथा सकारात्मक व्यवहार गर्नेछौ ।
३. हिंसाजन्य व्यवहार, दुर्व्यवहार (जातीय छुवाछुत, लैंगिक विभेद तथा अपमान) गर्ने छैनौ र अरुले गरेको पनि सहने छैनौ ।
४. लैंगिक तथा जातीयताको आधारमा अरुलाई पीडादायक बोली वचन तथा व्यवहार गर्ने छैनौ ।
५. आ-आफ्नो जिम्मेवारी इमान्दारी पूर्वक पुरा गर्नेछौ र सेवा दिदा लिदा भेदभाव गर्ने छैनौ ।
६. लिंग तथा जातीयताको आधारमा कुनै पनि व्यक्तिको कार्य क्षमता प्रति शंका तथा उपशंका गरेर हतोत्साही गर्ने छैनौ ।
७. कार्यालयमा कसैले कसैलाई दुर्व्यवहार गरेमा सम्बन्धित जिम्मेवार व्यक्तिलाई जानकारी गराउनेछौ र शुन्य सहनशिलताको नीतिलाई अवलम्वन गर्नेछौ ।
८. सबैमा सम्मान, सद्भाव र सहयोगी व्यवहार गर्नेछौ र कार्यस्थलमा अरुको नीजि कुरा गरेर कार्य सम्बन्ध विगार्ने छैनौ ।
९. कार्यस्थलको वातावरण स्वस्थ्य, सुरक्षित, पारदर्शी, निष्पक्ष र लैंगिक हिंसामुक्त बनाउनेछौ ।

निर्णय नं. ६

मनपा ६ को खुर्कोट पुल देखि मनपा १३ को मिल्तीखोला पुलसम्मको पुष्पलाल मार्गमा पर्ने जग्गाको रेखाँकन गरी लगत कट्टाको लागि सरोकारवाला र अख्तियार प्राप्त निकायको सहयोगमा

[signature]
...राज घोडसे
...प्रशासकीय अधिकृत

प्रक्रिया अगाडि वढाउने र नगरपालिकाभित्र पर्ने पिच तथा अन्य सडकको क्रमशः लगत कट्टा गराउने प्रक्रिया अगाडि वढाउने।

**निर्णय नं. ७**

मन्थली वजारको अव्यवस्थित पार्किंग व्यवस्थापन, अव्यवस्थित वजारको व्यवस्थापन र वजार क्षेत्रको सुरक्षाका लागि अध्ययन गरी प्रतिवेदन तयार गर्न देहाय बमोजिमको समिति निर्माण गर्ने

क) श्री होम प्रसाद पौडेल, वडा अध्यक्ष १ नं. वडा कार्यालय -संयोजक
ख) श्री उद्धव रम्तेल, कार्यापालिका सदस्य -सदस्य
ग) प्रमुख, रामेछाप जिल्ला ट्राफिक कार्यालय - सदस्य
घ) अध्यक्ष, रामेछाप उद्योग वाणिज्य संघ -सदस्य
ङ) अध्यक्ष, रामेछाप होटल व्यवसायी संघ -सदस्य
च) श्री सुवास काफ्ले, मनपा राजश्व शाखा - सदस्य सचिव

**निर्णय नं. ८**

चालु आ.व. २०७९/८० को संघीय सशर्त तर्फको रैथाने बाली प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि प्रस्तावित कार्यक्रम र बजेट स्वीकृत गरी यस कार्यक्रम मन्थली नगरपालिका वडा नं. ९,१० र ११ मा सञ्चालन गर्ने।

**निर्णय नं. ९**

चालु आ.व. २०७९/८० को संघीय सशर्त तर्फको किसान सुचीकरण कार्यक्रम यस नगरपालिकाका १४ वटा नै वडामा अभियानका रुपमा सञ्चालन गर्ने र यस कार्यक्रमका वडा समितिलाई सक्रियतापूर्वक परिचालन गर्ने ।

**निर्णय नं. १०**

मन्थली नगरपालिकाको वार्षिक कार्यक्रममा समावेश संकेत नं. २०७ खर्च शीर्षक २२५२२ मा उल्लेखित अन्तरपालिका क्लव मार्फत सञ्चालन हुने खेल खेलाडी सम्मान वैठक सञ्चालन कार्यक्रमबाट खर्च हुने गरी देहाय बमोजिमका संस्थालाई देहाय बमोजिमको खेलकुद कार्यक्रम सञ्चालन गर्न निम्नानुसारको वजेट उपलब्ध गराउने ।

मन्थली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

...लाराज पौडेल ...

| सि.नं. | संस्थाको नाम ठेगाना | रकम |
|---|---|---|
| १ | दिपशिखा व्वाईज युनाइटेड क्लब मनपा २ | ६००००० |
| २ | ५ नं. वडा वडा कप भलिवल प्रतियोगिता मनपा ५ | १००००० |
| ३ | ८ नं. वडा कप पुरुष भलिवल प्रतियोगिता मनपा ८ | ८५००० |
| ४ | पुरुष भलिवल प्रतियोगिता श्री इन्द्रावती जनजागरण युवा समाज मनपा १० | १००००० |
| ५ | पुरुष भलिवल प्रतियोगिता श्री भुमे युवा जागरण क्लव | १५०००० |
| ६ | पुरुष भलिवल प्रतियोगिता मनपा १२ श्री रामेछाप काठमाण्डौ श्रृजनशिल समाज | १००००० |
| ७ | वडा कप भलिवल प्रतियोगिता वडा नं. ३ | १००००० |

निर्णय नं. ११

मन्थली नगरपालिकामा २०७७ साउन २६ गते हाजिर भई आजसम्म नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरी हाल युवा तथा खेलकुद मन्त्रालयमा सरुवा भई विदाई हुन लाग्नु भएका प्रमुख प्रशासकीय अधिकृत श्री लिलाराज पौडेलको नगरपालिकालाई व्यवस्थित र मर्यादित बनाउन पुर्याउनु भएको महत्वपूर्ण योगदानको उच्च प्रशंसा गर्दै धन्यवाद प्रस्ताव पारित गर्ने ।